आज मिति २०८०/०६/१६ गते मंगलबारका दिन यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसियो ।

उपस्थिति :

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री रामवृक्ष अहिर | ५ | वडा अध्यक्ष |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री महेन्द्र ठाकुर | ८ | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |

| | | |
|---|---|---|
| श्री कन्हैया प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष |
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिर्ती देवी चौधरी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | ५ | कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि.सि. | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री मोहन अर्याल | रामग्राम नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत ,सचिव |

बैठक संचालन सहयोगी कर्मचारीहरु :

श्री सुरन्दन कुमार चौधरी अधिकृत (सातौं)

श्री रामजी साहनी मु. स.

बैठक नं : २६

**रामग्राम नगरपालिकाको मिति २०८०/०६/१६ गतेको नगरकार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :**

**प्रस्ताव नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**
**प्रस्ताव नं. २ : लेखा समितिको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा ।**
**प्रस्ताव नं. ३ : वडाको मेलमिलाप केन्द्रको संयोजकको कार्यादेश र यातायात खर्च उपलब्ध गराउने सम्बन्धमा।**
**प्रस्ताव नं. ४ : मेलमिलापकर्ताहरुको मासिक बैठकको यातायात खर्च सम्बन्धमा ।**
**प्रस्ताव नं. ५ : मेलमिलाप गराउँदाको यातायात खर्च सम्बन्धमा ।**
**प्रस्ताव नं. ६ : ठेक्का पट्टा लाइसेन्स मुल्यांकन र सिफारिस समिति गठन सम्बन्धमा ।**
**प्रस्ताव नं. ७ : शिक्षा समितिको सदस्य तोक्ने सम्बन्धमा ।**
**प्रस्ताव नं. ८ : विविध**

**निर्णयहरु :**

**निर्णय नं. १ :** प्रस्ताव नं १ माथि छलफल गर्दा यस अघिका बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं. २ :** प्रस्ताव नं २ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाको लेखा समितिको मिति २०८०/०५/१२ को निर्णय १ को (ग) मा भएको निर्णय कार्यान्वयनका लागि नगर उपप्रमुख ज्यूको संयोकत्वमा तपसिल बमोजिमको ५ सदस्यीय निर्णय कार्यान्वयन समिति गठन गरी अनियमित खर्च भएको भए सोको रकम एकिन गरी १५ दिन भित्र कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १. संयोजक | नगर उप प्रमुख श्री सम्झना चौधरी |
| २. सदस्य | वडा अध्यक्ष श्री मदन यादव वडा नं. ४ |
| ३. सदस्य | वडा अध्यक्ष श्री निरज रौनिया वडा नं. २ |
| ४. सदस्य | का.पा. सदस्य श्री बच्ची कहार |
| ५. सदस्य सचिव | श्री राम सुवास गुप्ता (आ.ले.प. अधिकृत) |

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ को १० बमोजिम यस रामग्राम नगरपालिका अन्तर्गतका तपसिलको वडाहरुमा मेलमिलाप केन्द्र गठन भई उक्त मेलमिलाप केन्द्रहरुमा काम गरी रहेका मेलमिलाप संयोजकलाई मेलमिलाप केन्द्रमा व्यवस्थापन कार्य गर्नका लागि निजहरुलाई कार्यादेश उपलब्ध गराई तपसिलमा उल्लेख भएको मेलमिलापकर्ता संयोजकहरुलाई मेलमिलापको व्यवस्थापन कार्य गरेवापत १ जना मेलमिलाप संयोजकलाई २०८० साल श्रावण १ गते देखि

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

छत्रपति यादव
प्रमुख
रामग्राम नगरपालिका

लागु हुने गरी न्यायिक समितिको लागि विनियोजन भएको रकम मध्येबाट मासिक रु.३,०००/- का दरले यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं | मेलमिलाप संयोजकको नाम | मेलमिलाप केन्द्रको नाम | यातायात खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सनाउल्लाह अन्सारी | वडा नं. १, २, ३, ५ र ६ संयुक्त मेलमिलाप केन्द्र, रामग्राम-३ र ५ | ३,०००/- | |
| २ | त्रिलोकी थापा | वडा नं. ४, ७ र ९ संयुक्त मेलमिलाप केन्द्र, रामग्राम-४ | ३,०००/- | |
| ३ | छोटेलाल गुप्ता | वडा नं. ८, ११, १२ र १३ संयुक्त मेलमिलाप केन्द्र, रामग्राम-१२ | ३,०००/- | |
| ४ | पुर्णमासी चमार | रामग्राम न.पा. वडा नं. १० को वडा कार्यालय | ३,०००/- | |
| ५ | रिता थापा | रामग्राम न.पा. वडा नं. १४ को वडा कार्यालय | ३,०००/- | |
| ६ | राम नरेश यादव | रामग्राम न.पा. वडा नं. १५ को वडा कार्यालय | ३,०००/- | |
| ७ | हेमन्त कुमार पाण्डे | रामग्राम न.पा. वडा नं. १६ को वडा कार्यालय | ३,०००/- | |
| ८ | अर्जुन प्रसाद चौधरी | रामग्राम न.पा. वडा नं. १७ को वडा कार्यालय | ३,०००/- | |
| ९ | रामकिसुन लोनिया | रामग्राम न.पा. वडा नं. १८ को वडा कार्यालय | ३,०००/- | |

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामग्राम नगरपालिका न्यायिक समितिमा सूचिकृत रहेका वडा नं. १ देखि वडा नं. १८ सम्मका मेलमिलापकर्ताहरुको मासिक रुपमा बैठक बस्दाको बखतमा यातायात खर्च वापत प्रत्येक मेलमिलापकर्तालाई २०८० साल श्रावण १ गते देखि लागु हुने गरी प्रत्येक महिनामा रु.२००/- को दरले उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस रामग्राम नगरपालिका न्यायिक समितिमा सूचिकृत रहेका मेलमिलाप कर्ताहरुले न्यायिक समितिमा पर्न आएको मुद्दामा मेलमिलाप गराउँदाको बखतमा विगतको दिनमा रु.३००/- उपलब्ध गराउँदै आएको र हाल उक्त रकमका बढोत्तरी गरी एउटा मुद्दामा १ जना मेलमिलापकर्तालाई २०८० साल श्रावण १ गते देखि लागु हुने गरी रु.५००/- का दरले यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस रामग्राम नगरपालिका द्वारा प्रदान गरिने ठेक्का पट्टाको इजाजत पत्र (लाईसेन्स) उपलब्ध गराउनको लागि तपसिल अनुसारको मूल्यांकन तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. संयोजक : श्री विद्या सागर त्रिपाठी
२. सदस्य: ई. श्री महेश्वर ठाकुर
३. सदस्य: लेखाअधिकृत श्री सन्जय कुमार शर्मा

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ माथि छलफल गर्दा रामग्राम नगर शिक्षा ऐन, २०७५ को दफा ९ को (घ) बमोजिम १ जना महिला सहित २ जना तपसिलको नगरसभा सदस्यहरुलाई रामग्राम नगरपालिकाको नगर शिक्षा समितिमा मनोनयन गर्ने निर्णय गरियो ।

१. श्री रुद्र प्रकाश उपाध्याय वडा अध्यक्ष वडा नं. १

२. श्री चन्द्रधामा रैदास नगरसभा सदस्य वडा नं. १०

**विविध निर्णय :**

**विविध निर्णय नं. (क)** मिति २०८० असोज १० गतेका दिन अज्ञात समुहले दिउसो ११:०० बजेको समयमा रामग्राम नगरपालिकाको वडा नं. ७ उजैनी स्थित वडा कार्यालयमा प्रवेश गरी फर्निचर लगायत अन्य कार्यालय सामानहरु तोडफोड तथा आगजनी गरी सरकारी सम्पत्तिको हानीनोक्सानी गरेको हुँदा यस प्रकारको अशोभनीय एवं विध्वंसात्मक कार्य गरी वडा कार्यालयको शान्तिपूर्ण वातावरणमा खलल पारी दैनिक प्रशासनिक कार्यमा अवरोध पुऱ्याएको हुँदा रामग्राम नगरपालिकाको गंभीर ध्यानाकर्षण भएको छ र यस्तो कार्यको घोर भर्त्सना गर्दै दोषी उपर अविलम्व कडा भन्दा कडा कारवाहीको माग गर्ने एवं वडा नं. ७ को दैनिक प्रशासनिक कार्य सुचारु गराउनका लागि वडा कार्यालयमा आवश्यक पर्ने फर्निचर एवं कार्यालय सामानको व्यवस्था गरी शान्तिपूर्ण वातावरण सृजना गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

**विविध निर्णय नं. (ख)** रामग्राम नगरपालिकाको वडा नं. १० नदवा बस्ने श्री रामपृत केवटलाई मिति २०८०/०६/०२ गतेका दिन अज्ञात मोटरसाईकल चालकले दुर्घटना गराई फरार रहेकोले निज घाईतेको आर्थिक अवस्था कमजोर रहेको हुँदा औषधी उपचारको खर्च व्यहोर्न नसक्ने अवस्था रहेकोले निजको उपचार खर्चको विल मध्ये रु. ५५ (पचपन्न) हजार आर्थिक सहायता रामग्राम नगरपालिकाको कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**विविध निर्णय नं. (ग)** रामग्राम नगरपालिकाको आ.व. २०८०/८१ मा स्वीकृत वार्षिक योजना तथा कार्यक्रम संचालन गर्दा उपभोक्ता समितिका योजानाहरु बाहेक रामग्राम नगरपालिकाको आन्तरिक श्रोत तथा नेपाल सरकारको सशर्त अनुदान, समपुरक अनुदान, समानिकरण अनुदान तथा राजश्व बाँडफाँड श्रोतको योजनाहरु ठेक्का पट्टा विधिबाट संचालन गर्नुपर्ने भएमा लागत अनुमान तयार गर्दा नै नियमानुसारको दरमा कन्टिन्जेन्सी समावेश गरी लागत अनुमान तयार गर्ने र भुक्तानी दिंदा सोही दरमा कन्टिन्जेन्सी रकम कट्टी गर्ने । उक्त रकम सोही योजनामा लगानी गर्नु पर्ने अवस्था भएमा सोही योजनामा लगानी गर्ने यदि आवश्यक नभएमा उक्त कन्टिन्जेन्सी रकम रामग्राम नगरपालिकाको मर्मत सम्भार कोषमा जम्मा गरी स्वीकृत कार्यविधि अनुसारको शीर्षकमा खर्च गर्ने । वैदेशिक दातृ निकाय तथा सडक बोर्डका योजनाहरुको हकमा सम्बन्धित निकायको निर्देशिका बमोजिमको दरमा कन्टिन्जेन्सी समावेश गरी लागत अनुमान तयार गर्ने र भुक्तानी दिंदा सोही दरमा कन्टिन्जेन्सी रकम कट्टी गरी रामग्राम नगरपालिकाको १२औं नगरसभाको निर्णय नं. १९ र लुम्बिनी प्रदेशको **सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९** मा उल्लेख भए बमोजिम तोकिएको शीर्षकमा सम्बन्धित कार्यक्रमबाट कन्टिन्जेन्सीको रकम खर्च गर्ने निर्णय गरियो ।

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी
लुम्बिनी प्रदेश

...यादव
नगर प्रमुख
रामग्राम नगरपालिका